# बुढीगंगा राजपत्र

## बुढीगंगा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ९ मिति २०८२ पुस २५ गते


## भाग १

## बुढीगंगा नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ९

### <u>प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२</u>

**<u>प्रस्तावनाः</u>** नगरपालिकाको प्रशासकीय काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न प्रशासकीय कार्यविधि सम्बन्धी कानुन बनाउन वाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२६ बमोजिम बुढीगंगा नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम **"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन बुढीगंगा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा**ः (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) “ऐन” भन्नाले बुढीगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बुढीगंगा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले बुढीगंगा नगरपालिका सम्झनु पर्छ ।



बुढीगंगा नगरपालिका

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## नियम, कार्यबिधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार

३. **नियम बनाउने अधिकारः** (१) नगर कार्यपालिकाले देहायका बिषयमा नियम बनाउन सक्नेछ;

(क) नेपालको संविधानले नगरपालिकालाई नियम बनाउन सक्ने गरी तोकेका बिषय,

(ख) संघ तथा प्रदेश कानुनले स्थानीय तहलाई नियम बनाउन सक्ने गरी प्रत्यायोजन गरिएका बिषय,

(ग) नगरपालिकाका आफ्नै ऐनद्वारा नियम बनाउन सक्ने गरी अधिकार प्रत्योजन गरिएका बिषय,

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने र कुनै पनि सारवान कानुनद्वारा नियम बनाउन सक्ने गरी कार्यपालिकालाई प्रत्यायोजन गरिएका विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** नगर कार्यपालिकाले देहायका बिषयमा कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गर्न सक्नेछ;

(क) प्रचलित कानुनद्वारा नगरपालिकाको प्रशासनिक कार्य जिम्मेवारीको रुपमा तोकेका बिषयको कार्यसम्पादन बिधि निर्धारण गर्ने बिषय र

(ख) नगर सभाबाट पारित भएका कुनै पनि नीति, आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि निर्धारण गर्ने बिषय।

बुढीगंगा नगरपालिका

## परिच्छेद -३

## बिबिध

**५.** **सारवान कानुनको अधिनमा रहि बनाउनु पर्नेः** दफा ३ र ४ बमोजिम नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउदा कुनैपनि संघ, प्रदेश र स्थानीय कानुनद्वारा कार्यपालिकालाई प्रत्यायोजन गरेको बिषयको अधीनमा बनाउनु पर्नेछ।

६. **बचाउः** यो प्रारम्भ हुनु भन्दा अगाडी नगर कार्यपालिकाबाट पारित भई कार्यान्वयनमा रहेका निर्देशिका, कार्यविधि र मापदण्ड यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**

अम्मर राज जोशी

प्रमुख प्रशासकीय अधिकृत

बुढीगंगा नगरपालिका